# नरहरिनाथ गाउँपालिकाको
# आर्थिक ऐन, २०८१
## नरहरिनाथ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावन : नरहरिनाथ गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को अर्थ सम्बन्धी प्रस्तावनालाई कार्यान्वयन गर्नको लागि कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनिय भएकोले ,नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम नरहरिनाथ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

( १ ) यस बिधेयकको नाम आर्थिक बिधेयक ऐन २०८१ रहेको छ ।

( २ ) यो विधेयक २०८१ साल श्रावन १ गते देखी नरहरिनाथ गाउँपालिकाका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पति कर** : गाउँपालिका क्षेत्रभित्र अनूसुचि (१) बमोजिम घर कर लगाइने र असुल उपर गरिनेछ । सम्पति करको हकमा कार्यविधि बनाई लागु गरिनेछ ।

३.**भूमि कर (मालपोत)**: गाउँपालिका क्षेत्रभित्र अनूसुचि (२) बमोजिम भूमि कर (मालपोत)लगाइने र असूल उपर गरिनेछ ।

४.**घर बहाल कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर,पसल,विद्यालय,ग्यारेज,गोदाम, टहरा ,छप्पर,जग्गा,वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनूसुचि (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय कर**: गाउँपालिका क्षेत्रभित्र व्यापार ,व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल गरिनेछ ।

६. **जडिजुटी,कवाडी र जीवजन्तु कर** :गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन , खोटो, जुडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड,सिङ,प्वाँख,छाला जस्ता बस्तुको व्यावसायीक कारोवार गरेवापत अनूसुची(५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर** : गाउँपालिका क्षेत्रभित्र दर्ता भई संचालनमा हुने अटो रिक्सा,चारपाङ्गगे गाडि जस्ता सवारी साधनमा अनूसुचि (५) बमोजिमको कर लगाइने र असूल गरिनेछ ।

८. <u>**विज्ञापन कर :**</u> गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनूसुची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । सो को बाँडफाँड कानून बमोजिम हुनेछ ।

९. <u>**मनोरञ्जन कर**</u> :गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनूसुचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।सो को बाँडफाँड कानून बमोजिम गरिनेछ ।

**१०. <u>बहाल बिटौरी शुल्क</u>** : (१) गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा अनूसुची (९) बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असूलउपर गरिनेछ ।

(२) गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण गरेका कानून बमोजिम स्वामित्व प्राप्त नगरेका ऐलानी वा पर्ति जग्गामा बनेको संचालनको लागि अनूसुचि (९) बमोजिम बहाल बिटौरी शुल्क लगाइनेछ र असूलउपर गरिनेछ ।

(३) उपदफा (२) बमोजिम निर्माण भएको संरचनामा कुनै प्रकारको व्यापार व्यवसाय संचालन भएको रहेछ भने उपदफा (२) मा उल्लेख भएको वहाल विटौरी शुल्कका अतिरिक्त अनूसुचीमा उल्लेख भएको व्यवसाय करको दर (४) बमोजिम थप बहाल विटौरी शुल्क लगाइनेछ र असुल उपर गरिनेछ ।

**११.<u>पार्किङ शुल्क</u>** : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएवापत अनूसुची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल गरिनेछ ।

**१२.<u>सेवा शुल्क दस्तुर</u>** : (१) गाउँपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेका र उपलब्ध गराएको सेवामा सेवाग्राहीबाट अनूसुची (११) मा व्यवस्था भए अनुसार सेवा शुल्क र दस्तुर लगाइने र असुल गरिनेछ ।

**१३. <u>पर्यटन शुल्क</u>** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको स्थानमा प्रबेश गर्ने पर्यटकहरुबाट अनूसुची (१२) मा उल्लेख दर रेटमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४. <u>ट्रेकिङ्ग, कोयोकिङ,क्यानोइङ्ग,बन्जी जम्पिङ्ग,जिप फ्लायर शुल्क</u>**: गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग,कोयोकिङ्क,क्यानोइङ्ग, बन्जी जम्पिङ्ग,जिप फ्लायर सेवा वा व्यवसाय संचालन गरे वापत अनूसुची (१३) बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१५. <u>अन्य शुल्क तथा जरिवाना</u>**: (१) यस ऐन र प्रचलित कानून बमोजिमको कर समयमा नबुझाएमा वा गाउँपालिकाको नियम पालना नगरेमा अनूसुची (१४) मा उल्लेख भए बमोजिमको अवधिभर कर बुझाउने फर्म वा व्यक्तिलाई सोही अनूसुचीमा उल्लेख भए बमोजिम छुट तथा पुरुस्कारको व्यवस्था गरिनेछ ।

**१६.**<u>कर छुट</u>: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई यस ऐनमा उल्लेख भएको बाहेक कुनै पनि किसिमको कर छुट दिइने छैन ।तर ,

निम्न बमोजिमको व्यवसाय तथा सिफारिसमा भने छुट दिन बाधा पर्ने छैन ।

(१)अपाङ्ग तथा एकल महिलाले कुनै उद्योग व्यवसाय संचालन गर्न लागेमा लाग्ने दस्तुरमा ५०% छुट दिने स

(२) सामुदायिक विद्यालयसंग सम्बन्धित सिफारिसमा ६०% छुट दिने ।

(३) नेपाल सरकारबाट अनुदानमा संचालित स्वास्थ्य उपचार संग सम्बन्धित सिफारिसमा लाग्ने दस्तुरमा पुरै छुट हुने ।

(४) अपाङ्ग तथा जेष्ठ नागरिकसंग सम्बन्धित सामान्य सिफारिसमा लाग्ने दस्तुरमा पुरै छुट दिने ।

(५) कर छुट सम्बन्धि अन्य व्यवस्था अनूसुची (१४) बमोजिम हुनेछ ।

**प्रस्तुत विनियोजन विधेयक, २०८१ गाउँसभाको मिति २०८१/०३/१० गतेको बैठकबाट सर्वसम्मत रुपमा पारित भएको प्रमाणित गर्दछु ।**

**नगेन्द्र बहादुर विष्ट**

**अध्यक्ष**

## अनूसुची -१

## सम्पती कर (घर कर )- ११३१३

| क्र.सं. | घरको वर्ग | करको दर | कैफियत |
|---|---|---|---|
| १ | पक्कि आर.सि.फ्रेम ढलान स्टक्चर एक तला सम्मको | रु.१००(प्रति तला थपको रु ५० का दरले थप हुनेछ) | |
| २ | सिमेन्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो-टिन वा ढुङ्गाको गारो | रु. १०० | |
| ३ | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो- जस्ता ढुङ्गाको छाना | रु.७५ प्रति कोठा | |
| ४ | माटोको जोडाईमा ईट्टा वा ढुङ्गाको गारो- खरको छानो, गोठ छाप्रो समेत | रु.५० | |

## अनुसूचि-२

## भुमि कर (मालपोत)-११३१४

| क्र.सं. | जग्गाको वर्गिकरन | मालपोत दर (प्रति रोपनी रु. ) |
|---|---|---|
| १ | व्यावसायिक | २५ |
| २ | कृषि | १० |
| ३ | आवासीय | १५ |
| ४ | नदि, खोला, ताल, सीमसार | ५ |
| ५ | सांस्कृतिक तथा पुरातात्विक महत्व | ५ |
| ६ | सार्वजनिक उपयोग | ५ |

स्थानिय भू-उपयोग क्षेत्र वर्गिकरणमा कित्ता उल्लेख नभएको कित्ताको कर दर प्रति रोपनि रु.१० हुनेछ।

## अनूसुची -३
## घर जग्गा बहाल कर-११३३२१

| क्र.सं. | बिवरण | रकम रु. ०८०/०८१ | कैफियत |
|---|---|---|---|
| १ | वहाल बाट प्राप्त कुल आम्दानीको | १० प्रतिशत | |

## अनूसुची -४
## व्यवसाय कर-१४६११

| क्र.सं. | बिवरण | कर रकम | |
|---|---|---|---|
| १ | होटल/ लज / रेष्टुरेन्ट / खाजा नास्ता पसल / मिठाई पसल | दर्ता | नविकरण |
| १.१ | ५ कोठा वा ५ कोठा भन्दा कम भएको होटलको | ५०० | ३०० |
| १.२ | ५कोठा देखि माथी भएको होटलको | १००० | ५०० |
| १.३ | मदिरा भएको रेष्टुरेन्ट तथा खाजा घर बार्षिक | ६००० | ३००० |
| १.४ | मदिरा नभएको रेष्टुरेन्ट तथा खाजा घर | ५०० | २०० |
| १.५ | सामान्य खाजा नास्ता चिया पसल | ५०० | २०० |
| २ | उद्योग व्यवसाय | | |
| २,१ | काठ चिर्ने, बेच्ने समिल/ प्लाईवुड उद्योग | १५०० | ८०० |
| २.२ | आधुनिक सेलर राईस, प्लान्ट, राखी चामल दाल ,पिठो ,पिसानी र पेलानी भएको जुनसुकै मिल | १०० | ५०० |
| ३ | माछा मासु तथा अण्डा विक्रेता | | |
| ३.१ | खसि /कुखुरा /बंगुर /संगुर /रागा /माछा आदिको बिक्रेता अण्डा समेत | ५०० | ३०० |
| ४ | फलफुल तथा तरकारी पसल | | |
| ४.१ | फलफुल तथा तरकारी खुद्रा विक्रेता | २५० | १०० |
| ५ | सुनचादी पसल | | |
| ५.१ | सुनचादी लगायत बहुमुल्य गहनाको बिक्रेता | २००० | १००० |

| | | | |
|---|---|---|---|
| ५.२ | सुनचादी गहनाको मर्मत पसल | १००० | ५०० |
| ६ | औषधि उपचार जन्य पशुपन्छी आहार पसल | | |
| ६.१ | औषधिको खुद्रा विक्रेता | १००० | ७०० |
| ६.२ | सामान्य एग्रोभेट पसल | ५०० | २०० |
| ६.३ | पशुपंछीको दाना खुद्रा विक्रेता | ५०० | २०० |
| ७ | ईन्स्टिच्युट/ प्रतिष्ठान /तालिम केन्द्र | | |
| ७.१ | फोटोकपी तथा ईमेल ईन्टरनेट पसल | ५०० | ३०० |
| ७.२ | नीजि क्षेत्रका आधारभूत विद्यालय (१-८ | ६००० | १५०० |
| ८ | मदिराजन्य तथा सुर्तिजन्य पसल | | |
| ८.१ | मदुराजन्य पद्धार्थको खुद्रा विक्रेता | ८००० | ४५०० |
| ८.२ | सुर्तिजन्य पसल | १००० | ५०० |
| ९ | सिलाई टेलरिङ तथा धुलाई पसल | | |
| ९.१ | ३ वटा सम्म सिलाई मेसिन भएको टेलरिङ पसल | १००० | ५०० |
| ९.२ | ५ वटा सम्म सिलाई मेसिन भएको टेलरिङ पसल | २००० | १००० |
| १० | सैलुन/ व्युटी पार्लर /कस्मेटिक पसल | | |
| १०.१ | कुस्मेटिक खुद्रा विक्रेता | ६०० | २५० |
| ११ | ईलेक्टिकल /हार्डवयर/ मोवाईल पसल /भाडा पसल | | |
| ११.१ | ईलेक्टिकल खुद्रा पसल | ५०० | २०० |
| ११.२ | बिजुली पसल/ मोवाईल खुद्रा पसल /कम्प्यूटर पसल | १५०० | ८०० |
| ११.३ | घडि रेडियो तथा सामान्य ईलेक्टोनिक्स मर्मत पसल | ८०० | ३०० |
| ११.४ | साना हार्डवयर पसल | २००० | १००० |
| ११.५ | भाँडा बर्तनको खुद्रा विक्रेता | १००० | ५०० |
| १२ | निर्माण व्यवसायी /यातायत व्यवसायी /ढुवानी तथा ट्रान्सपोर्ट व्यवसायी | | |
| १२.१ | ग वर्गको प्रधान कार्यालय भएको निर्माण व्यवसायी | ३०००० | १५००० |

| | | | |
|---|---|---|---|
| १२.२ | घ बर्गको प्रधान कार्यालय भएको निर्माण व्यवसायी | १०००० | ५००० |
| १२.३ | ग बर्गको स्थानिय कार्यालय भएको निर्माण व्यवसायी | ११००० | ५००० |
| १२.४ | घ बर्गको स्थानिय कार्यालय भएको निर्माण व्यवसायी | १०००० | ५००० |
| १२.५ | प्रधान कार्यालय भएको यातायात व्यवसायी | ३००० | १२०० |
| १२.६ | शाखा कार्यालय भएको यातायत व्यवसायी | २५०० | १३०० |
| १२.७ | साना जिप टेम्पो अटोको स्थानिय कार्यालय भएको व्यवसायी | ३००० | १५०० |
| १३ | सेवा तथा परामर्श सम्बन्धि | | |
| १३.१ | टेन्ट हाउस तथा साउन्ड सिस्टम डिजे भएको पसल | ३५०० | १५०० |
| १३.२ | माईस बिजुली डेकोरेशन बेन्ड बाजा पसल | १५०० | ८०० |
| १३.३ | सटरिङ तथा फर्मा | १०० | ५०० |
| १४ | बैङ्क तथा वितिय संघ संस्था/गैर सरकारी संस्था | | |
| १४.१ | गाउँपालिका कार्यक्षेत्र भएको सहकारी संस्था | १००० | ५०० |
| १४.२ | अन्तराष्टिय गैर सहकारी संस्था | ३००० | |
| १४.३ | राष्टिय गैर सरकारी संस्था | २००० | |
| १४.४ | एफ एम रेडियो | २५०० | १५०० |
| १५ | जुत्ता /चप्पल /कपडा तथा फेन्सि पसल | | |
| १५.१ | जुत्ता तथा चप्पलको खुद्रा विक्रेता फेन्सी खुद्रा विक्रेता थान कपडो खुद्रा विक्रेता | १५०० | १००० |
| १६ | सवारी साधन / सवारी साधनको पार्टस / मेसिनरी सामान विक्रि तथा मर्मत | | |
| १६.१ | हेभी गाडी तथा मेसिनरी मर्मत | २००० | १००० |
| १६.२ | लाईट गाडी तथा अन्य सवारी साधन सर्भिसिङ तथा मर्मत | १५०० | ८०० |
| १६.३ | बाईक मर्मत पसल | ५०० | ३०० |

| | | | |
|---|---|---|---|
| १७ | पेट्रोलिमय पदार्थ /स्टेशनरी तथा पुस्तक/ खाद्यान्न तथा अन्य पसल व्यवसाय | | |
| १७.१ | कोल्ड ड्रिङसको खुद्रा पसल | २००० | १००० |
| १७.२ | पेट्रोल पम्प खुद्रा विक्रेता | २००० | १००० |
| १७.३ | स्टेशनरी तथा पसलको खुद्रा विक्रेता | २००० | १००० |
| १७.४ | घिउ तथा तेलजन्य प्रदार्थको सप्लायर्स अन्य खुद्रा किराना पसल | १५०० | ८०० |
| १७.५ | खाद्यन्न खुद्रा किराना पसल | १००० | ५०० |
| १७.६ | घुम्ति व्यापारी | ५०० | |
| १८ | छापाखाना अपसेटल /प्रिन्टिङ प्रेस /कलर ल्याव /फोटो स्टुडियो | | |
| १८.१ | हस्त लेखन भएको व्यानर पसल | २००० | १००० |
| १८.२ | फोटो स्टुडियो | १००० | ५०० |

## १९. फर्म दर्ता र शाखा दर्ता दस्तुर

| क्र.स. | पूँजी | दस्तुर | कैफियत |
|---|---|---|---|
| १. | पाँच लाख रुपैयाँसम्म | एक हजार रुपैयाँ | प्रदेश व्यापार व्यवसाय (दर्ता तथा सञ्चालन) नियमावलि २०८० बमोजिम हुनेछ। |
| २. | पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयसँसम्म | चार हजार रुपैयाँ | |
| ३. | दश लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | आठ हजार रुपैयाँ | |
| ४. | बीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म | पन्ध्र हजार रुपैयाँ | |
| ५. | पचास लाख रुपैयाँभन्दा बढी जतिसुकै भएपनि | तीस हजार रुपैयाँ | |
| ६. | शाखा दर्ता दस्तुर | दर्ता दस्तुरको पचास प्रतिशत | |

## अनुसुची -५

## जडीबुटी, कवाडी र जीवजन्तु कर-११६३२

| क्र.सं. | विवरण | प्रकार | प्रति के.जी. रु. | कैफियत |
|---|---|---|---|---|
| १ | जडिबुटि कर | टिमुर | ५० | |
| | | समायो | २५ | |
| | | सतुवा(सानो) | ५५० | |
| | | सतुवा(ठुलो) | १५०० | |
| | | चिराइतो | १० | |
| | | सित्तल चिनि | ५ | |
| | | पदाम चाम्लो | १० | |
| | | सिलाजु | ३००० | |
| | | लोक्ता(बडु) | २० | |
| | | सिस्नोको धुलो | ५ | |
| | | सेलपारो | ५ | |
| | | पाँचऔले | २५०० | |
| | | खिरौलो(सेतो चिनि) | ५० | |
| | | बनलसुन | २००० | |
| | | कटुको | ७० | |
| | | कुरिल्लो | ५० | |
| | | सेतो च्याउ | १०० | |
| | | रातो च्याउ | ७०० | |
| | | गुच्चि च्याउ | ५०० | |
| | | तितो | ५ | |
| | | जटामासि | २०० | |
| | | बोझो | १० | |
| २ | कवाडी कर | काठबाट निर्माण भएका सामाग्री | १ | |
| | | सोलार व्याट्री(प्रति वटा) | ५० | |
| | | फलाम | २ | |

| | | | | |
|---|---|---|---|---|
| | | तामा | १५ | |
| | | प्लास्टिक जन्य अन्य सामाग्री | १ | |
| | | | | |

## अनूसुची -६

## सवारी साधान कर -११४५१

| क्र.सं. | विवरण | रकम रु. | नविकरण |
|---|---|---|---|
| १ | अटो रिक्सा ई रिक्सा दर्ता दस्तुर | ५०० | २५० |

## अनूसुची -७

## विज्ञापन कर-१४६११

| क्र.सं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | होडिङ्ग बोर्ड, फ्लेक्स वोर्ड प्रति बर्ग मिटर | ८५ | |
| २ | ग्लो साइनवोर्ड, विद्युतिय वोर्डहरु प्रति वर्ग फिट | १५० | |
| ३ | भित्ते लेखन पेन्टिङ्ग प्रति फिट | १० | |
| ४ | स्टल , गेट,चाडपर्व मेला महोत्सव | ३५० | |
| ५ | मादक पर्दार्थ एंव धुम्रपानको विज्ञापन | १००० | |
| | रेडियो सुनथराली एफ एममा विज्ञापन प्रशारण गरे वापत (प्रति महिना ) | | |
| १ | क)१ महिनामा ५ पटकका दरले | ४५०० | |
| २ | ख)३ महिनामा ५ पटकका दरले | ३६०० | |
| ३ | ग) ६ महिनामा ५ पटकका दरले | २९०० | |
| ४ | घ) १ वर्षमा सो भन्दा बढी ५ पटकका दरले | २५०० | |
| | टाईमचेक स्पन्सर प्रति महिना | | |
| १ | क)१ महिनामा १० पटकका दरले | ४५०० | |
| २ | ख)३ महिनामा १० पटकका दरले | ३६०० | |
| ३ | ग)६ महिनामा १० पटकका दरले | २९०० | |

| | | | |
|---|---|---|---|
| ४ | घ)१ वर्षमा सो भन्दा बढी १० पटकका दरले | २५०० | |
| | कार्यक्रम स्पन्सर प्रति महिना | | |
| १ | क)१ महिनामा प्रति दिन कार्यक्रम चर्चा र विज्ञापन | ५००० | |
| २ | ख)३ महिना प्रति दिन कार्यक्रम चर्चा र विज्ञापन | ३५०० | |
| ३ | ग) ६ महिनामा प्रति दिन कार्यक्रम चर्चा र विज्ञापन | २५०० | |
| ४ | घ) १ वर्ष वा सो भन्दा बढी प्रतिदिन कार्यक्रम चर्चा र विज्ञापन | २००० | |
| ५ | ङ) समबेदना १० दिन ५ पटकका दरले | १००० | |
| ६ | च) विवाह निमन्त्रणा १० दिन ५ पटकका दरले | २००० | |
| ७ | छ)समाचारको विचमा विज्ञापन प्रसारण गरे वापत प्रति महिना | ५००० | |
| | सूचना शुल्क | | |
| १ | १० सेकेन्ड सम्म | १५० | |
| २ | ११ सकेन्ड देखि १५ सकेन्ड सम्म | २१० | |
| ३ | १६ सकेन्ड देखि २० सकेन्ड सम्म | २६० | |
| ४ | २१ सकेन्ड देखि ३० सकेन्ड सम्म | ३६० | |
| ५ | ३१ सेकेन्ड देखि ४५ सकेन्ड सम्म | ५२५ | |
| ६ | ४६ सेकेन्ड देखि ६० सेकेन्ड सम्म | ६६० | |

## अनूसुची -८

## मनोरन्जन कर-१४२९१

| क.सं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | दैनिक रमाईलो मेला | ५०० | |
| २ | पर्वमेला आयोजकबाट | १००० | |

## अनूसुची -९
## बहाल बिटौरी शुल्क-११३२२

| क्र.सं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | गाँउपालिका क्षेत्रभित्र निर्माण भएका कानून बमोजिम स्वामित्व प्राप्त नगरेको ऐलानी वा प्रति जग्गामा निर्माण भएको संरचनाको प्रति संरचना | | |
| १.१ | पक्की ढलान | ५०० | |
| १.२ | पक्की टिन पत्थर | ३०० | |
| १.३ | कच्चि टिन पत्थर खर | १५० | |
| २ | गाँउपालिका क्षेत्रभित्र निर्माण भएका कानून बमोजिम स्वामित्व प्राप्त नगरेको ऐलानी वा प्रति जग्गामा प्रति रोपनी बहाल विटौरी शुल्क बार्षिक | ५० | |
| ३ | गाउँपालिका क्षेत्र भित्र विभिन्न पसल राख्ने व्यवासायीलाई प्रति दिन विटौरी शुल्क | १०० | |

## अनूसुची -१०
## पार्किङ्क शुल्क-१४२४१

| क्र.सं. | विवरण | प्रति दिन रु. | कैफियत |
|---|---|---|---|
| १ | मोटरसाईकल | १० | |
| २ | जिप, कार , ट्याक्टर | २० | |
| ३ | बस ,ट्रक | ३० | |

## अनूसुची -११

## सेवा, शुल्क दस्तुर-१४२२९

| क्र.सं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकाको मातहात रहेको हलको भाडा | | |
| १.१ | व्यक्तिलाई प्रतिदिन | १००० | |
| १.२ | संस्थालाई प्रतिदिन | १५०० | |
| २ | न्यायिक समिति अन्तर्गतको सेवा शुल्क | | |
| २.१ | निबेदन पत्र शुल्क | १०० | |
| २.२ | प्रति उत्तर पत्र | १०० | |
| २.३ | मिला पत्र गराए वापत पक्ष र विपक्ष दुबैबाट मिलाप शुल्क (प्रत्येक पक्षबाट अलग अलग लिईने ) | २५० | |
| ३ | अन्य सेवा शुल्क एंव सिफारिस दस्तुर : | | |
| ३.१ | धितो रोक्का सिफारिस वापत | ५०० | |
| ३.२ | घरभाडा प्रमाणित | ५०० | |
| ३.३ | घरबाटो प्रमाणित अन्य प्रयोजन अंश बंडा | ५०० | |
| ३.४ | चलन चल्ति मुल्य सिफारीस | ३०० | |
| ३.५ | नागरिकता सिफारीस बंशज | १०० | |
| ३.६ | नागरीकता सिफारीस अंगिकृत | ५०० | |
| ३.७ | नागरिकता सिफारीस प्रतिलिपि | २०० | |
| ३.८ | नाता प्रमाणित दस्तुर(विदेश जानेको हकमा) | ५०० | |
| ३.९ | नाता प्रमाणित दस्तुर(स्थानियको हकमा) | २०० | |
| ३.१० | थप कक्षा संचालन दस्तुर आधारभुत बिद्यालय(संस्थगत) | १००० | |
| ३.११ | थप कक्षा संचालन माद्यामिक तह(संस्थागत) | २००० | |
| ३.१२ | परिक्षा दस्तुर | | |
| ३.१३ | क)अधिकृत सातौं औं तहका लागि<br>थप समावेशि | १२००<br>४०० | |
| ३.१४ | ख) अधिकृत छैटौ तहका लागि<br>थप समाबेशिका लागि | १०००<br>३०० | |
| ३.१५ | ग)सहायक स्तर पाँचौ तहका लागि | ७०० | |

| | | | |
|---|---|---|---|
| | थप समाबेशि | २०० | |
| ३.१६ | घ) सहायक चौथो तहका लागि<br>थप समाबेशि | ५००<br>२०० | |
| ३.१७ | ङ) श्रेणी बिहिन सहयोगि स्तरका लागि<br>थप समाबेशि | ३००<br>१०० | |
| ३.१८ | करार म्याद थपको लागि | | |
| ३.१९ | च) अधिकृत सातौं औं तहका लागि | १२०० | |
| ३.२० | छ) अधिकृत छैटौ तहका लागि | १००० | |
| ३.२१ | ज) सहायक स्तर पाँचौ तहका लागि | ७०० | |
| ३.२२ | झ) सहायक चौथो तहका लागि | ५०० | |
| ३.२३ | ञ) श्रेणी बिहिन सहयोगि स्तरका लागि | ३०० | |
| ३.२४ | योजना सम्झौता प्रति ५० हजारमा | ५०० | |
| ३.२५ | विदेशी संघ संस्था समुह दर्ता नविकरणका लागि | १५०० | |
| ३.२६ | बिदेशी संघ संस्था संग सम्बन्धित प्रति सिफारीस | ५०० | |
| ३.२७ | नेपाली संघ संस्था समुह दर्ता नविकरणका लागि | ५०० | प्रति सिफारिस रु.३०० |
| ३.२८ | आँखा जाँच नाम दर्ता | ३० | |
| ३.२९ | चस्मा तथा औषधि मुल्य बमोजिम | ५० | |
| ३.३० | आयुर्वेद शाखाबाट संचालन हुने नाम दर्ता | ३० | |
| ३.३१ | बाफ लिने स्टिम (प्रति पटक) | १०० | हप्तामा नियमित गर्नुपर्ने भए रु.५० |
| ३.३२ | नाम थर संशोधन दस्तुर | २०० | |
| ३.३३ | व्यक्तिगत घटना दर्ता दस्तुर ३५ दिन भित्र नि शुल्क<br>३६ दिन पछि बिलम्ब शुल्क | २०० | |
| ३.३४ | ब्यक्तिगत घटना दर्ता प्रमाण पत्रको प्रतिलिपि | ५०० | |

| | | | |
|---|---|---|---|
| ३.३५ | स्थानिय बसोवास प्रमाणित दस्तुर(दुर्गम तथ पिचडियको) | १०० | |
| ३.३६ | चारित्रिक प्रमाणित दस्तुर | २५० | |
| ३.३७ | बिद्युत टेलिफोन जडान सिफारीस दस्तुर | ५०० | |
| ३.३८ | बिद्युत टेलिफोन जडान सिफारीस दस्तुर औधोगिक प्रयोजन | ७०० | |
| ३.३९ | तिन पुस्ते फोटो टाँस जीर्ण श्रेस्ता, जग्गा धनी प्रतिलिपि सिफारीस | २५० | |
| ३.४० | सर्जिमिन मुचुल्का | २०० | |
| ३.४१ | चार किल्ला प्रमाणित | ३०० | |
| ३.४२ | पिक्निक स्पोर्ट शुल्क | २५० | |
| ३.४३ | होमस्टे संचालन गर्ने घर दर्ता सिफारीस/सूचिकृत | १५०० | |
| ३.४४ | अविवाहित प्रमाणित | २५० | |
| ३.४५ | कागजात नक्कल प्रतिपाना | १० | |
| ३.४६ | साना घरेलु उद्योग(दालमोट,बेशार, मसाला) दर्ता सिफारीस | ५०० | |
| ३.४७ | मझौला उद्योग सिफारीस | १००० | |
| ३.४८ | अन्य उद्योग ठुला उद्योग दर्ता सिफारीस | ५००० | |
| ३.४९ | रुख कटान सिफारीस प्रति रुख | ५०० | |
| ३.५० | व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि | ५०० | |
| ३.५१ | बिविध सिफारीस दस्तुर माथि उल्लेख नभएको हकमा | १५० | |
| ३.५२ | कृषक समुह दर्ता दस्तुर | ५०० | |
| ३.५३ | कृषक समुह नविकरण दस्तुर | २५० | |
| ३.५४ | पशु पन्छि फर्म सिफारीस दर्ता दस्तुर विमा प्रयोजन सिफारीस | ५०० | |
| ३.५५ | पंन्छी निर्यात शुल्क प्रति जिउ | १५ | |
| ३.५६ | पशु निर्यात सिफारीस शुल्क प्रति जिउ साना चौपाया ( भेडा, बाख्रा, बंगुर, संगुर लगाएत) | १०० | |

| | | | |
|---|---|---|---|
| ३.५७ | पशु निर्यात सिफारीस प्रति जिउ ठुला चौपाया ( गाई, भैसी, राँगा, गोरु, घोडा, खच्चर) | ३०० | |
| ३.५८ | कृषि सिफारीस (प्रति के.जी.) | | |
| | मकै | १ | |
| | भटमास | २ | |
| | सिमि | ५ | |
| | घिउ | १० | |
| | मह | १० | |
| ३.५९ | संस्था दर्ता तथा नविकरण सिफारीस | १००० | |
| | तर टोल विकास संस्था दर्ता तथा नविकरण मात्र | ३०० | |
| ३.६० | निजि बन दर्ता तथा नविकरण | २००० | |
| ३.६१ | पुनर्योग दस्तुर(प्रति विषय) | १०० | |
| ३.६२ | अस्थाई ठेगना प्रमाणित सिफारिस | २५० | |
| ३.६३ | छोरि खाता सञ्चालन सिफारिस | ० | |
| ३.६४ | विवाह अनुमति सिफारिस | २५० | |
| ३.६५ | सम्बन्ध विच्छेद सिफारिस | २०० | |
| ३.६६ | तलबमान प्रमाणित | १०० | |
| ३.६७ | घर कायम सिफारिस | २०० | |
| ३.६८ | राजिनामा पत्र दस्तुर | ५०० | |
| ३.६९ | जग्गा मरुवा नामसारी सिफारिस | १०० | |
| ४ | पशुपंक्षी उपचारका लागि नाम दर्ता शुल्क | | |
| ४,१ | उपचारका लागि नाम दर्ता शुल्क प्रति(पंक्षी जातहरु कुखुरा हाँस लगायत ) | १० | |
| ४,२ | उपचारका लागि नाम दर्ता शुल्क प्रति (भेडा, बाख्रा, सुगुंर, बँगुर लगायत ) | ५ | |
| ४,३ | उपचारका लागि नाम दर्ता शुल्क प्रति (गाई, गोरु, राँगा, भैसी लगायत ) | २० | |
| ४,४ | उपचारका लागि नाम दर्ता शुल्क प्रति (कुकुर , विरालो लगायत ) | २५ | |

| | | | |
|---|---|---|---|
| ४,५ | उपचारका लागि नाम दर्ता शुल्क प्रति (घोडा, खच्चर लगायत ) | ६० | |
| ५ | पशुपक्षी विकाश शाखा तर्फको प्रयोगशाला शुल्क | | |
| ५.१ | गोवर परिक्षण | ५० | |
| ५.२ | थुनेलो परिक्षण | ५० | |
| ६ | पशुपंक्षी विकास शाखा तर्फको पोष्टमार्टस सेवा शुल्क | | |
| ६.१ | भेडा, बाख्रा, बंगुर लगायत साना घरपालुवा पशुहरु पाठा पाठी बाहेक | ५०० | |
| ६.२ | भेडा, बाख्रा, बंगुर लगायत साना घरपालुवा पशुहरुका पाठा पाठीहरु | २०० | |
| ६.३ | गाई, भैसी, रांगा, गोरु, घोडा, खच्चर लगायत ठुला जनावर | १००० | |
| ६.४ | बाछा/बाछि,पाडा/पाडि | ५०० | |
| ६.५ | बिरालो/कुकुर | २०० | |
| ६.६ | कुखुरा, हाँस, वोइलर लगायतका पन्छीहरु | १०० | |
| ७ | पशुपंक्षी विकाश शाखाको कृतिम गर्भधान तथा बन्ध्याकरण सेवा शुल्क | | |
| ७.१ | कृतिम गर्भधान शुल्क (गाई र भैसी मात्र ) शुल्क | २५ | |
| ७.२ | पशु बन्ध्याकरण (बोका लगायत सानो पशु चौपाया तर्फ) शुल्क | ५० | |
| ७.३ | पशु बन्ध्याकरण (बहर राँगो लगायत ठुलो पशु चौपाया तर्फ ) शुल्क | १०० | |
| ७.४ | पशु बन्ध्याकरण (सुगुर लगायत सानो पशु चौपाया तर्फ )शुल्क | ५०० | |
| ७.५ | बिरालो/कुकुर | २०० | |
| ८ | घर जग्गा मूल्याङ्कन (विद्यार्थि प्रयोजन ) | | |
| ८.१ | पच्चिस लाख सम्म रु | ५०० | |

| | | | |
|---|---|---|---|
| ८.२ | पचास लाख सम्म रु | १००० | |
| ८.३ | १ करोड सम्म | २००० | |
| ८.४ | १ करोड भन्दा माथी | ४००० | |
| ९ | घर जग्गा मूल्याङ्कन (विद्यार्थि बाहेक अन्य प्रयोजन ) | | |
| ९.१ | पच्चिस लाख सम्म रु | ७०० | |
| ९.२ | पचास लाख सम्म रु | १५०० | |
| ९.३ | १ करोड सम्म | ३००० | |
| ९.४ | १ करोड भन्दा माथी | ६००० | |
| १० | आयस्रोत प्रमाणित (विद्यार्थि प्रयोजन ) | | |
| १०.१ | पाँच लाख सम्म | २५० | |
| १०.२ | २० लाख सम्म | ५०० | |
| १०.३ | ५० लाख सम्म | १००० | |
| १०.४ | १ करोड सम्म | ४००० | |
| १०.५ | १ करोड भन्दा माथि | १०००० | |
| ११ | आयस्रोत प्रमाणित (विद्यार्थि बाहेक ) | | |
| ११.१ | पाँच लाख सम्म | ५०० | |
| ११.२ | २० लाख सम्म | १५०० | |
| ११.३ | ५० लाख सम्म | ५००० | |
| ११.४ | १ करोड सम्म | ८००० | |
| ११.५ | १ करोड भन्दा माथि | १०००० | |
| १२ | घर नक्सा पास दस्तुर तथा अभिलेखिकरण शुल्क | | |
| १२.१ | RCC पक्कि भवन नक्सा पास दस्तुर व्यावसायिक प्रयोजन प्रति बर्ग फिट | ५ | |
| १२.२ | RCC पक्कि भवन नक्सा पास दस्तुर अन्य प्रयोजन प्रति बर्ग फिट | ७ | |
| १२.३ | ट्रस्ट मोडेल भवन नक्सा पास दस्तुर अन्य प्रयोजन प्रति बर्ग फिट | ५ | |
| १२.४ | ट्रस्ट मोडेल भवन नक्सा पास दस्तुर व्यापारिक प्रयोजन प्रति बर्ग फिट | ६ | |

| | | | |
|---|---|---|---|
| १२.५ | घर अभिलेखीकरण बार्षिक पक्कि घर | ८०० | |
| १२.६ | घर अभिलेखिकण शुल्क बार्षिक अर्ध पक्कि टिन पथ्थर घर | ५०० | |
| १२.७ | घर अभिलेखिकरण शुल्क बार्षिक कच्चि घर | २५० | |
| १२.८ | नक्सा प्रतिलिपि प्रतिथान | १०० | |
| १२.९ | नक्सा नामसारी दस्तुर | ५०० | |
| १२.१० | नामसारी ठाउँसारी (व्यापर व्यवसाय ) | २५० | |
| १२.११ | नक्सा पास किताव दस्तुर | १००० | |
| १२.२ | अमिन सेवा शुल्क प्रति कित्ता एक रोपनि सम्म | १००० | |
| १२.३ | अमिन सेवा शुल्क दुई देखि दश रोपनि सम्म | २५०० | |
| १२.४ | अमिन सेवा शुल्क दश रोपनि भन्दा माथि | ३००० | |
| १३ | विद्यालय स्वीकृत/ तथा कक्षा थप स्वीकृत | | |
| १३.१ | पूर्व प्राथामिक विद्यालय स्वीकृत दिए वापत | ५००० | |
| १३.२ | एक देखि पाँच कक्षा सम्मको आधारभूत विद्यालय स्वीकृत | १०००० | |
| १३.३ | एक देखि आठ कक्षा सम्म आधारभूत विद्यालय स्वीकृत | १५००० | |
| १३.४ | माध्यामिक विद्यालय स्वीकृत | २०००० | |
| १३.५ | एक देखि पाँच कक्षा सम्म आधारभुत विद्यालय कक्षा थप स्वीकृत | १००० | |
| १३.६ | एक देखि आठ कक्षा सम्मको आधारभूत विद्यालय कक्षा थप स्वीकृत | २००० | |
| १३.७ | माध्यामिक विद्यालय कक्षा थप स्वीकृत | ३००० | |
| १४ | स्लेट/घरको छाना छुआउने ढुङ्गा | | |
| | पालिका भित्र निर्यात गर्दा (प्रति वटा) | ५ | |
| | पालिका बाहिर निर्यात गर्दा (प्रति वटा) | १० | |

## १५. विद्युत महशुल

| क्र. सं. | मासिक(किलोवाट-घण्टाःयुनिट) | ५ एम्पियर | |
|---|---|---|---|
| | | मासिक न्यूनतम शुल्क(रु.) | प्रति युनिट रु. |
| १. | ० देखि २० | ३० | ३ |
| २. | २१ देखि ३० | ५० | ६.५ |
| ३. | ३१ देखि ५० | ५० | ८ |
| ४. | ५१ देखि १०० | ७५ | ९.५ |
| ५. | १०१ देखि २५० | १०० | ९.५ |
| ६. | २५० देखि माथि | १५० | ११ |

## १३. ढुङ्गा, वालुवा, माटो लगायत नदिजन्य प्राकृतिक स्रोत

| क्र.स. | साधनको नाम | वालुवा | ढुङ्गा | गिट्टि | माटो |
|---|---|---|---|---|---|
| १. | प्रति ट्रिप मिनि ट्रक, टिप्पर | रु२५००. | रु४००. | रु४००. | रु२००. |
| २. | प्रति ट्रिप ट्याक्टर | रु१५००. | रु३००. | रु३००. | रु१५०. |

१४ एम्बुलेन्स सेवा शुल्क

| क्र.स. | विवरण | दर |
|---|---|---|
| १. | नरहरिनाथ अस्पताल देखि जितेगडा | ३५०० |
| २. | नरहरिनाथ अस्पताल देखि मान्मा | ६५०० |
| ३. | नरहरिनाथ अस्पताल देखि जुम्ला | १३५०० |
| ४. | नरहरिनाथ अस्पताल देखि सुर्खेत | १५५०० |
| ५. | नरहरिनाथ अस्पताल देखि नेपालगञ्ज | १७५०० |

स्काभेटर सेवा शुल्क

| क्र.स. | विवरण | दर |
|---|---|---|
| १ . | बकेट प्रति घण्टा (तेल बाहेक) | ३००० |
| २. | ब्रेकर प्रति घण्टा (तेल बाहेक) | ७००० |

## अनूसुची -१२
## पर्यटन शुल्क

| क्र.सं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | पर्यटन शुल्क | ८०० | |

## अनूसुची -१३
## ट्रेकिङ्क, कोयोकिङ्ग,क्यानोइङ्क, बन्जी, जम्पिङ्ग, जिप, फ्लायर शुल्क

| क्र.सं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | ट्रेकिङ्क, कोयोकिङ्ग,क्यानोइङ्क, बन्जी, जम्पिङ्ग, जिप, फ्लायर शुल्क | ५०० | |

## अनूसुची -१४
## जरिवाना तथा छुट

| **क्र.सं.** | **विवरण** | **रकम रु.** | **कैफियत** |
|---|---|---|---|
| १ | भुमि तथा मालपोत सम्पति कर घर कर र व्यावसायिक कर असुल गर्दा तपशिल बमोजिम छुट तथा जरिवाना दिने | | |
| २ | आ व को पहिलो चौमासिकमा बुझाउन आउने करदाताहरुलाई १०% प्रतिशत छुट दिईनेछ । | | |
| | आ व को दोश्रो चौमासिकमा बुझाउन आउनेलाई ५% छुट दिइनेछ । | | |
| | आ व को तेस्रो चौमासिकमा बुझाउन आउनेलाई कुनै पनि छुट दिइने छैन । | | |
| | गत बर्षको कर तिर्न बाँकी रहेका करदाताहरुलाई श्रावण महिना देखि कर तिर्न आएमा १०% जरिवाना लगाइनेछ । | | |
| | गत वर्षको कर तिर्न बाँकी रहेका करदाताहरुलाई श्रावण महिना देखि कर तिर्न आएमा १०%जरिवाना लगाईनेछ । | | |

| | | | |
|---|---|---|---|
| | तेस्रो वर्ष कर तिर्न आउनेलाई २०%ले थप जरिवाना लगाईनेछ । | | |
| | चौथो आ व देखि माथि सम्मको नबुझाएकोलाई ३५% थप जरिवाना लगाईनेछ । | | |
| | एउटै पसः भित्र मिल्दाजुल्दा सामानहरु राखी व्यवसाय सञ्चालन गरिरहेका व्यवसायीहरुको करको दर कायम गर्दा पसलमा ठुलो परिमाणमा रहेको सामाग्रीलाई आधारमानि एउटै करको दर कायम गरिनेछ ।तर आधिकारिक डिलर लिई व्यवसाय सञ्चालन गरेको हकमा भने डिलरको आधारमा अलग अलग कर बुझाउनु पर्नेछ । | | |
| ३ | पशु चौपाया छाडा छोडेर वा निर्माण सामाग्री सडकमा राखेर सडक अवरोध गरेमा | | |
| ३.१ | सडक छेउछाउमा निर्माण सामाग्री राखेर वा सडकको नालिमा सामाग्री राखेर तथा पशु चौपाया बाधी सडक अवरोध गरेमा पहिलो पटकलाई | ५०० | |
| | सडक छेउमा निर्माण सामाग्री राखेर वा सडकको नालिमा सामाग्री राखेर तथा पशु चौपाया बाधि सडक अवरोध गरेमा दोस्रो पटकलाई | १००० | |
| | सडक छेउमा निर्माण सामाग्री राखेर वा सडकको नालिमा सामाग्री राखेर तथा पशु चौपाया बाधि सडक अवरोध गरेमा तेस्रो पटक वा सो भन्दा वढी | १५०० | |
| **४** | **ईजाजत विना कसैले मदिराजन्य पदार्थ, सुर्तिजन्य मालसामान विक्रिवितरण गरेमा** | | |
| | ईजाजत विना कसैले मदिराजन्य पदार्थ, सुर्तिजन्य मालसामान विक्रि वितरण गरेको पाइएमा पहिलो पटकलाई | ३००० | |
| | ईजाजत विना कसैले मदिराजन्य पदार्थ, सुर्तिजन्य मालसामान विक्रि वितरण गरेको पाइएमा दोस्रो पटकलाई | ५००० | |
| | ईजाजत विना कसैले मदिराजन्य पदार्थ, सुर्तिजन्य मालसामान विक्रि वितरण गरेको पाइएमा तेस्रो पटक वा सो भन्दा बढी | १०००० | |

| | | | |
|---|---|---|---|
| ५ | आफ्नो घर पसल वा उद्योग अगाडीको सडक तथा आगान स्वयम सफा गर्नु पर्ने तोकीएको मापदण्ड विपरित फोहोर गरेको पाईएमा निम्म बमोजिम जरिवान लगाईनेछ । | | |
| | प्रथम पटकलाई | २५० | |
| | दोस्रो पटकलाई | ५०० | |
| | तस्रो पटकलाई सो भन्दा बढी | १००० | |
| ६ | **गाउँपालिकाको नियम पालना नगरेमा वा गाउँपालिकाको निर्देशन अटेर गरेमा** | | |
| | पथम पटकलाई | ५०० | |
| | दोस्रो पटकलाई | २५०० | |
| | तेस्रो पटक वा सो भन्दा बढी | ५००० | |
| ७ | नदिजन्य पर्दाथ उत्खनन तथा ओसारपोसार सम्बन्धमा | | |
| | अनुमति विना नदिजन्य पदार्थ उत्खनन् गर्ने उदेश्यले घाटमा प्रबेश गरको प्रति सवारी साधान | ५००० | |
| | अनुमति विना न घाटमा प्रबेश गरि नदि जन्य पदार्थ उत्खनन् गरेमा प्रति सवारी साधान | १०००० | |
| | तोकीएको स्थान बाहेक अनत्रबाट नदिजन्य पदार्थ उत्खनन् गरेमा अनुमति लिएको भए समेत | १०००० | |

**नोट : क्र.सं. ३.१ देखि ३.३, ४.१ देखि ४.३, ५.१ देखि ५.३, ६.१ देखि ६.३ र ७.१ देखि ७.३ मा व्यवस्था भएको जरिवाना असुल गर्दा जरिवाना रकमको २५% रकम जरिवाना असुल गर्दा खटिने कर्मचारी तथा सुरक्षा कर्मीलाई दामासाहीले प्रोत्साहन स्वरुप दिईनेछ ।**

**निष्कर्ष**

राजस्व संकलन मुख्यतया कर राजस्व र गैर कर राजस्व पर्दछन । कर संकलन गर्दा स्थानिय तहले सबै प्रकारका कर लिन सक्दैन । नेपालको संबिधानले स्थानिय तहलाई दिएको अधिकार क्षेत्रभित्रको आर्थक अधिकारको अधिनमा र संबिधान बमोजिम तर्जुमा गरिएको स्थानिय सरकारा संचालन ऐन २०७४ द्वारा पद्वत आर्थिक अधिकारका आधारमा मात्र आर्थिक ऐन बनाई स्थानिय तहले कर लगाउने

र उठाउन सक्दछ । उत उल्लेखित करका आधारहरुको उपयोग गर्दै गाउँपालिकालाई सम्बृद्ध एंवम आत्म निर्भर बनाउन राजस्वका सबै सम्भावना र क्षेत्रहरुको खोजी गरि प्रगतिशिल कर र समतामूलक ढंगले करका दरहरु निर्धारण गर्नु आवश्यक देखीन्छ ।

- कर असुलीमा हुन सक्ने अनियमिततालाई नियन्त्रण गर्न राजस्व सफ्टवयेर प्रणालीको प्रयोग गर्ने ।
- कर्मचारीलाई राजस्व परामर्श सम्बन्धी क्षमता बिकासका लागि आवश्यक तालिमको व्यवस्था गर्ने ।
- कर संकलनलाई सेवा प्रवाह संग आवद्ध गर्ने र वडा कार्यालयको क्षमता बिकास गर्ने ।
- आम नागरिकलाई कर तिर्ने बानीको बिकास गर्न पालिकाको सम्बृद्धिका लागि करको महत्व बिषयक सचेतनामुलक कार्यक्रम प्रभावकरी रुपमा संचालन गर्ने ।
- नेपालको संबिधान र स्थानिय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि गाउँपालिकाले आफ्नो क्षेत्र भित्र करका सम्भाव्यता अध्ययन गरि करको दायरा फराकिलो बनाउने ।
- राजस्व परामर्श समितिको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गर्ने ।
- राजस्व छलि र चुहावट नियन्त्रण गर्न नियमित अनुगमन गर्ने ।

<u>स्थानीय राजस्व परामर्श समिति</u>

संयोजक : कमल कुमार शाह
सदस्य : थुमा सहकारी (बुढा)
सदस्य : जगत बहादुर दर्जी
सदस्य : युवराज पौडेल
सदस्य : दिपेन्द्र बहादुर बिष्ट
सदस्यः बिरेन्द्र बहादुर सहकारी
सदस्य सचिवः दिपक पुन मगर